# १.४ नेपाली समाजका परम्परा, सामाजिक मूल्य र मान्यता, प्रचलित प्रमुख धर्म, जातजाति, भाषाभाषी र संस्कृति

**प्रश्न नं. १ : नेपाली समाजका विशेषताबारे लेख्नुहास् ।**

नेपाल बहुल समाजमा आधारित बहुजातीय, बहुभाषिक, बहुधार्मिक देश हो । विभिन्न जातजातिहरु, तिनीहरुको भेषभूषा, भाषा, संस्कृति, रहनसहन, मूल्य मान्यता, धर्म, परम्पराको सम्मिश्रण भएको नेपाली समाजका मुख्य विशेषताहरुलाई निम्नानुसार औंल्याउन सकिन्छ :

- नेपाली समाज सामाजिक, साँस्कृतिकरुपले विविधता र अनेकता तर एकतामा आवद्ध, पारस्परिक सम्वन्ध र समन्वययुक्त छ ।
- नेपालको सामाजिक, साँस्कृतिक अवस्था पितृसत्तात्मक मान्यताबाट प्रभावित छ ।
- नेपाली सामाजिक, साँस्कृतिक संरचना वर्णाश्रम व्यवस्था, जातिगत विविधता, धार्मिक मान्यता जस्ता कुराहरुबाट प्रभावित छ ।
- समाजिक, सांस्कृति, धार्मिक सहिष्णुता र समन्वय नेपाली समाजको विशिष्ट पहिचान हो ।
- नेपाली समाज छुवाछुत र भेदभावजन्य व्यवहारबाट ग्रसित छ ।
- भाग्यवादी सोच, रुढीवादी मान्यतामा नेपाली समाज रुमलिएको छ ।
- समाजिक, सांस्कृतिरुपले नेपाली समाज विविधतायुक्त छ ।
- समाजको रुपान्तरणमा सामाजिक, सांस्कृति मुल्य, मान्यताले प्रभाव पार्ने गरेको छ ।
- नेपाली समाजका केही विकृतिजन्य प्रथा, परम्परा, मुल्य, मान्यतााहरु रुपान्तरणको क्रममा रहेका छन् ।

**प्रश्न नं. २: "नेपाली समाज विविधतामा एकता हो" पुष्टी गर्नुहोस् । - लो.से.आ. २०६८ (खुल्ला, खरिदार) अंक ५**

नेपाल बहुजातीय, बहुभाषीक, बहुधार्मिक देश भएकाले नेपाली समाजलाई निम्न आधारमा विविधतामा एकतायुक्त समाज पनि भनिन्छ ।

- यहाँ १२३ जातजाति र १२५ भाषी नेपालीहरु आपसमा मिलेर रहेका छन् ।
- नेपालमा विश्वमा मनाईने प्रचलित प्राय: सबै धर्महरु मनाउने अलग अलग धर्मावलम्बीहरु भए तापनि आपसमा मिली सहिष्णुताका साथ मनाउँछन् ।
- एकै देवतालाई समेत फरक फरक नाम र आस्थाका साथ मनाउने धर्मावलम्बीहरु छन् ।
- एउटा सम्प्रदायको चाडपर्वलाई अर्को सम्प्रदायका मानिसले स्वीकार गरी मिलेर मनाउने परम्परा छ ।

Question Bank Nepal

- एउटा सम्प्रदायको रहनसहन, भेषभुषा, भाडपर्व, भाषा, संस्कृति, परम्परालाई अर्को सम्प्रदायको मानिसले सम्मान र संरक्षण गर्ने ऐतिहासिक परम्पराको विकास भएको पाइन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३ मा नेपाल एक वहुजातीय, वहुभाषिक, बहुधार्मिक, वहुसांस्कृतिक विशेषतायुक्त, समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आवद्ध सवै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो भन्ने व्यवस्था भएवाट पनि नेपाल विविधतामा एकता वा अनेकतामा एकतावद्ध देश हो भन्ने कुराको पुष्टि हुन्छ ।

**प्रश्न नं. ३ : नेपालका आदिवासी तथा जनजातिहरुको कसरी प्राथमिकीकरण तथा वर्गीकरण गरिएको छ ? उल्लेख गर्नुहोस् । - लो.से.आ., ना.सु. २०७०**

नेपालका आदिवासी तथा जनजातिलाई निम्नानुसार ५ प्रकारमा वर्गीकरण तथा प्राथमिकीकरण गरिएको छ :

**१. लोपोन्मुख समूह** : यस अन्तर्गत निम्न १० जनजातिहरु समेटिएका छन् :
कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुशवाडिया

**२. अति सीमान्तकृत समूह** : यस अन्तर्गत निम्न १२ जनजातिहरु समेटिएका छन् :
माझी, सियार, ल्होमी, थुदाम, धानुक, चेपाङ्ग, सतार, झाँगड, थामी, बोटे, दनुवार र बरामे ।

**३. सीमान्तकृत समूह** : यस अन्तर्गत निम्न २० जनजातिहरु समेटिएका छन् :
सुनुवार, थारु, तामाङ्ग, भुजेल, कुमाल, कोचे (राजवंशी), गन्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोप्केगोला, डोल्पो, फ्री, मुगाली, लार्के, ल्होपा, दूरा र बालुङ्ग ।

**४. सुविधा वञ्चित समूह** : यस अन्तर्गत निम्न १५ जनजातिहरु समेटिएका छन् :
गुरुङ्ग, मगर, राई, लिम्बु, छैरोतन, ताङ्वे, तीनगाउँले, वाह्रगाउँले, मार्फाली, शेर्पा, याख्खा, छन्त्याल, जिरेल, व्याँसी र ह्योल्मो ।

**५. उन्नत समूह** : यस अन्तर्ग नेवार र थकाली गरी २ जनजातिहरुलाई समेटिएको छ ।

**प्रश्न नं. ४ : नेपालका जनजातिहरुबारे छोटकरीमा टिप्पणी लेख्नुहोस् । - लो.से.आ., २०६९, खुल्ला (ना.सु.)**

- आफ्नै मौलिक भाषा, धर्म, संस्कृति, प्रथा, परम्परा, रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा वसोवास गर्ने, आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका समुदायलाई जनजाति भनिन्छ ।
- यस समूहलाई आजकाल राष्ट्रिय समूह, निश्चित सांस्कृतिक समूह पनि भनिन्छ ।
- आफ्नै भाषा, संस्कृति भएका तथा आर्थिक एवं सामाजिक रुपले पछाडि परेका नेपालका ५९ वटा समूहलाई जनजातिमा सूचिकृत गरिएको छ ।
- नेपालका जनजातिलाई निम्नानुसार ५ समूहमा वर्गीकरण गरिएको छः
  १. लोपोन्मुख समूह : १० जनजाति ।
  २. अति सीमान्तकृत समूह : १२ जनजाति ।

३. सीमान्तकृत समूह : २० जनजातिहरु ।

४. सुविधा वञ्चित समूह : १५ जनजाति ।

५. उन्नत समूह : २ जनजाति ।

- जनजातिलाई निम्न विशेषताबाट समेत चिनाउन सकिन्छ :
  - आफ्नै मौलिक भाषा, धर्म, परम्परा, संस्कृति र सभ्यता भएको समूह,
  - आफ्नो छुट्टै पहिचान भएको समूह,
  - आफ्नै लिखित वा अलिखित इतिहास भएको समूह,
  - निश्चित भौगोलिक क्षेत्र भएको समूह,
  - आफ्नै परम्परागत मान्यतामा आधारित सामाजिक संरचना भएको समूह ।

**प्रश्न नं. ५: निम्न विषयमा छोटो टिप्पणी लेख्नुहोस् ।- लो.से.आ. २०७० (खरिदार)**
**(क) चण्डी नाच (ख) सोरठी नाच**

**(क) चण्डी नाच**

- पूर्वी नेपाल अर्थात ओखलढुङ्गा, खोटाङ्ग, संखुवासभा, भोजपुर, धनकुटा आदि जिल्लाका राईहरुको लोकप्रिय नाच हो ।
- यो नाच वैशाखे र मंसिर पूर्णिमा गरी वर्षको दुई पटक नाच्ने गर्छन् ।
- यस नाचलाई राई समुदायमा उँधौली र उभौली भन्ने गर्छन् ।
- चण्डी नाचमा नाच्ने तरिकालाई शिली भनिन्छ ।
- राईहरु यस अवसरमा बीचमा खम्बा गाडी खम्बामा स्याउला बाँधेर वरिपरी गोलाकार घेरा बनाई हातमा फूलपाती लिएर बाजागाजा सहित धुमधामसाथ नाच्ने गर्छन् ।
- यो नाच राई समुदायको महत्वपूर्ण चाडहरु मध्येको एक हो ।

**(ख) सोरठी नाच**

- यो मगर र गुरुङ्ग समुदायमा प्रचलित नाच हो ।
- पुरुषहरु नारीको भेषमा नाच्ने गर्छन्, जसलाई मारुनी भनिन्छ ।
- यसलाई नेपालको सबैभन्दा ठूलो नाचको रुपमा लिइन्छ ।
- सोरठी नाचको बीचमा नाच्ने पुरुष कलाकारलाई पुर्पुङ्गे भनिन्छ ।
- राजा जय सिंह र रानी हेमती को प्रणय कथा, हेमती रानीका १४ सौताबाट पाएको दुःखकष्ट र विरहलाई नाचका माध्यमले मार्मिकरुपले प्रस्तुत गर्ने गरिन्छ ।

**प्रश्न नं. ६: निम्न जनजातिको बारेमा छोटकरीमा टिप्पणी लेख्नुहोस् ।**
**(क) राउटे (ख) कुसुण्डा (ग) लेप्चा**

**(क) राउटे**

- अर्धजंगली जीवनशैली अपनाउने राउटे जाति नेपालको अल्पसंख्यक जनजाति हो ।
- राउटेको मुख्य वासस्थान मकवानपुर जिल्ला हो । यसका साथै दैलेख, जाजरकोट, सुर्खेत, सल्यान, कालीकोट, अछाम, जुम्ला, दार्चुला, बैतडी जिल्लाका पहाडी घना जङ्गलमा समेत वसोवास गर्दछन् ।



Question Bank Nepal

- नेपालको प्राचीन फिरन्ता जाति राउटेले जङ्गली कन्दमुल, फलफूल, गुना नामको बाँदरको शिकार गरी आफ्नो जीविका चलाउँछन् ।
- राउटेहरु काठका कलात्मक वस्तुहरु बनाई अन्न, कपडा आदिसँग सट्टापट्टा गर्दछन् ।
- यिनीहरुको नाइकेलाई मानबहादुर भनिन्छ । मुखियाको आदेशको पालना सबैले अनिवार्यरुपमा गर्नै पर्दछ ।
- यो जातिमा कसैको मृत्यु भएमा उसलाई कपडा लगाईदिएर सम्पत्ति सहित बाँदर मार्ने जालमा राखेर गाड्ने वा राउटी (राउटे जातिको वस्ने झुप्रो) मा राखी आगो लगाई बसाइँ सर्ने छ ।
- राउटेहरुलाई वनराजा, राजी, वनरावल, वनमान्छे, राउट्या पनि भनिन्छ ।
- राउटेहरु नागपूजा, मष्टो भैरव पूजा र प्रकृति पूजा गर्दछन् ।
- यो जातिमा खेतीपाती नगर्ने, स्थायी बसोबास नगर्ने, पैसा नछुने जस्ता चलनहरु विद्यमान छन् ।
- विगतमा पैसा नछुने चलनमा भने आजकाल परिवर्तन भएको पाइन्छ ।

**(ख) कुसुण्डा**

- यो जनजाति मुख्यगरी सल्यान, प्यूठान, दाङ, भेरी, दैलेख, सुर्खेत जिल्लाका जङ्गली क्षेत्र तथा आसपासमा वस्ने गर्दछन् ।
- कुसुण्डाको रहनसहन, जीवशैली चेपाङहरुसँग मिल्दोजुल्दो खालको छ ।
- अधिकांश कुसुण्डाहरुले छत्याल लेख्ने गरेकोले कुसण्डाहरु लोप हुन लागेका छन् ।
- वि.सं. २०६८ को जनगणना अनुसार सबैभन्दा कम जनसंख्या भएको जाति नै कुसुण्डा हो, जसको जनसंख्या २७३ मात्र रहेको थियो ।

**(ग) लेप्चा**

- लेप्चा जातिहरु इलाम जिल्लामा वसोवास गर्दछन् ।
- लेप्चा जातिहरु कञ्चनजंघा हिमाललाई देवताको रुपमा पुजा गर्दछन् ।
- आफूलाई रोङ् भन्न रुचाउने यो जातीले धार्मिक गुरुलाई मोनवुङ थिङ्ग भन्छन् ।
- लेप्चा जातिको धर्म ग्रन्थलाई अस्ताच्यो र नामथर भनिन्छ ।
- घरभित्र कसैको मृत्यु भएमा लासलाई झ्याल वा भित्ता फुटाई निकाल्ने चलन छ ।
- यो जातिमा केटी माग्न जाँदा केटालाई सिस्नो लगाएर सहनशीलताको परिक्षण गर्ने चलन छ ।

**प्रश्न नं. ७ : धिमाल जातिबारे छोटकरीमा लेख्नुहोस् ।**

- धिमालको मुख्य थलो नेपालको पूर्व तराई क्षेत्र मोरङ्ग र झापा जिल्ला हो ।
- धिमाल जातिलाई मधेसको लिम्बु पनि भनिन्छ ।
- झट्ट हेर्दा थारु जस्ता देखिने यो जातिका प्रमुख पर्वहरु सिरिजात, नौवङ्गी, पार्वा हुन् ।
- धिमाल जातिका गाउँले नेता वा अगुवालाई देउनिया भनिन्छ ।



Question Bank Nepal

- मेचे जातिले धिमालहरुलाई हाइको भन्दछन् ।
- यो जातिको नृत्यलाई "वोना वोका न्हाका" भन्दछन् ।
- धिमाल महिलाहरुले छातीदेखि घुँडासम्म ढाक्ने गरी मोडेर लगाइने परम्परागत पोशाकलाई वोना र पेटानी भनिन्छ ।

**प्रश्न नं. ८: चेपाङ्ग, सतार र राजवंशी जनजातिका रहनसहन, चाडपर्व, भेषभूषा, परम्परा आदिबारे संक्षेपमा उल्लेख गर्नुहोस् । - (चेपाङ्गको बारेमा) लो.से.आ., २०६९ समावेशी (ना.सु.)**

आर्थिक तथा सामाजिक दृष्टिले पिछडिएका यी जनजातिहरुको क्रमशः निम्नानुसार वर्णन गरिएको छ :

**(क) चेपाङ्ग**

- मकवानपुर, चितवन, गोरखा र धादिङ् जिल्लामा वसोबास गर्ने चेपाङ्ग जाति नेपालको पिछडिएको अल्पसंख्यक जाति हो ।
- चेपाङ्गहरु आफ्ना छोरीलाई दाइजोका रुपमा चिउरीको बोट दिने परम्परा छ ।
- चेपाङ्गका पुरोहितलाई पाण्डे (पाँडे) भनिन्छ ।
- केटीकहाँ विवाहको प्रस्ताव लैजाँदा तथा जन्ती जाँदा मङ्गलबार मात्रै जाने चलन छ ।
- चेपाङ्ग जातिमा दुलाहा दुलहीको टाउको तीनपटक जुधाएपछि मात्र विवाह सम्पन्न भएको मानिने अनौठो चलन अद्यापि छँदैछ ।
- आफूलाई प्रजा भन्न रुचाउने चेपाङ्ग जातिको भाषालाई खाम्ची भनिन्छ ।
- चेपाङ्गहरुको मुख्य चाड चोनाम हो ।

**(ख) सतार**

- सत्थाल समेत भनिने यो जातिको झापा, मोरङ्ग र सुनसरीमा बसोबास भएको पाइन्छ ।
- यो जातिको आदिथलो भारतको पश्चिम बङ्गालको सन्थाल प्रगन्ना क्षेत्र हो ।
- सतार जातिहरु मन्दिर तथा मूर्तिको पूजा गर्दैनन् तर पिल्चुहडाम, पिल्चु बुढी, गोसायरा नामबाट देवताको पुजा गर्ने गर्दछन् ।
- यस समुदायमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्य गर्ने आफ्नै छुट्टै व्यवस्था हुन्छ ।
- सतारको मुखियालाई माझिहडाम भनिन्छ भने उनलाई सघाउने परानित र गडितले क्रमशः मन्त्री र प्रहरीले गर्ने कार्य गर्दछन् ।

**(ग) राजवंशी**

- झापा, मोरङ्ग र सुनसरी जिल्लामा बसोबास गर्ने यो जातिको प्रमुख पर्व जितिया हो ।
- भुतप्रेतमा विश्वास गर्ने यो जातिको धामी झाँक्रीलाई ओझा वा गुरु गोसाइँ भनिन्छ ।

Question Bank Nepal

- कृष्णजन्माष्टमीको भोलिपल्ट पर्ने ददिकाँधो नामको पर्वसँगै राजवंशी जातिका चाडपर्वहरु शुरु हुन्छन् भने वैशाख महिनामा मनाइने सिरुवा पर्वसँगै वर्षभरिका चाडपर्वहरु समाप्त भएको मानिन्छ ।
- सिरुवा पर्व र ददिकाँधो मनाउँदा आपसमा हिलो छ्यापेर रमाइलो गर्ने चलन छ ।
- यो समुदायमा प्रचलनमा रहेका विभिन्न वैवाहिक संस्कारहरु निम्नानुसार छन्:
  - (क) दामेदुङ्गे – केटीका आमाबावुलाई जानकारी गराउने तर विधि विधान नगर्ने,
  - (ख) डंगुवा – पतिको मृत्युपश्चात विधवाले अर्को कुमार केटासँग विबाह गरी पूर्व पतिको घरमा नै बस्ने,
  - (ग) समद – पतिको मृत्युपछि अर्कोसँग विवाह गरी उसैको घरमा गई बस्ने,
  - (घ) धजिया – विवाह पश्चात केटीको घरमा नै बस्ने प्रचलन ।

**प्रश्न नं. ९ : बाह्रगाउँले जनजातिबारे संक्षेपमा उल्लेख गर्नुहोस् ।**

- मुस्ताङ्ग जिल्लामा पाँच गाउँ र थाक खोलाभन्दा उत्तर र ल्होमन्थाङदेखि दक्षिणमा पर्ने बाह्र गाउँ यो जातिको प्रमुख थलो हो ।
- बाह्र गाउँलेहरु आफूलाई गुरुङ्ग भन्न रुचाउँछन् ।
- माहिला छोरा भिक्षु बनी बौद्ध मठ तथा गुम्बामा वस्नु पर्ने प्रचलन छ ।
- यिनीहरु तिब्बती "वोन्पो" धर्म मान्छन् ।
- जेठो दाजुसँग नछुट्टिई सँगै बसेमा मात्र कान्छो छोराको पैतृक सम्पत्तिमा अधिकार स्थापित हुने अनौठो प्रचलन विद्यमान छ ।
- भाद्र पूर्णिमामा पर्ने यार्तुङ पर्वमा धार्मिक कार्यहरु गरिनुका साथै घोडचढीहरु जम्मा भई घोडा दौड प्रतियोगिता आयोजना गरी रमाइलो गर्छन् ।

**प्रश्न नं. १० : ल्होमी, धिमाल, गाइने जनजातिबारे टिप्पणी लेख्नुहोस् ।**

**(क) ल्होमी**

- संखुवासभा जिल्लाको उत्तरी भागमा अरुण नदीको छेउछाउको भिरालो भागमा बसोबास गर्ने यो जातिलाई "कार भोटे" पनि भनिन्छ ।
- ल्होमीहरुमा तिब्वती धर्म बोन्पो, धामी, झाँक्री परम्परा प्रचलित छ ।
- गाउँको मुखिया वा नाइके 'पिम्बु' हुन्छ भने पिम्बुलाई सघाउन 'गोभा' नियुक्त गरिन्छ ।
- बिहे नगरी केटाले केटी ल्याएमा सामान्य रीतिअनुसार केटीलाई मनाई घरमा राखिन्छ र जायजन्म भएपछि मान्यजनहरुलाई दस्तुर चढाई नाचगान उत्सव गरी वैवाहिक प्रक्रिया पूरा गरिन्छ ।
- यो जातिमा घरमा एउटी श्रीमती हुँदाहुँदै अर्को श्रीमती ल्याएमा श्रीमान्ले घर छोड्नु पर्ने चलन छ ।

**(ख) धिमाल**

- धिमालको मुख्य थलो नेपालको पूर्व तराई क्षेत्र मोरङ्ग र झापा जिल्ला हो ।

Question Bank Nepal

- झट्ट हेर्दा थारु जस्ता देखिने यो जातिका प्रमुख पर्वहरु सिरिजात (असारे पूजा), नौवङ्गी, पार्वा आदि हुन् ।
- धिमाल जातिलाई मधेसको लिम्बु वा मधेश झरेका किराँत या लिम्बु पनि भनिन्छ ।
- धिमाल जातिका गाउँले नेता वा अगुवालाई 'देउनिया' भनिन्छ ।
- तालिया, दिङ, कशेर, लिम्वाङ, हर्दिया, तप्रे आदि यो जातिका प्रमुख थरहरु हुन् ।
- धिमाल महिलाहरुको परम्परागत पोशाक घरबुना बुट्टेदार कपडाद्वारा निर्मित छातीदेखि घुँडासम्म ढाक्ने गरी मोडेर लगाइने "बोना" र "पेटानी" (गुन्यू) हो ।
- यो जातिको नृत्य कार्यक्रमलाई "वोना वोका न्हाका" भनिन्छ ।
- मेचे जातिले धिमालहरुलाई 'हाइको' भन्दछन् ।

**(ग) गाइने**

- पश्चिम नेपालका पहाडी जिल्लाहरुमा (कास्की, स्याङ्जा, सल्यान, दाङ, सुर्खेत) यो जाति पाइए तापनि मूल थलो कास्की जिल्लाको बाटुलेचौर अन्तर्गत पर्ने गाइने गाउँ हो ।
- गन्धर्व समेत भनिने यो जातिको मुख्य काम मीठा मीठा गीत गाएर, धुन बजाएर अरुलाई प्रसन्न पार्नु हो ।
- यिनीहरु लोकबाद्य सारङ्गीको धुनमा धार्मिक तथा पौराणिक आख्यानहरु, सौर्य र वीरताका गाथा, सुख दुख, माया प्रीतिका कथाहरु गीति लयमा गाउँदै घुम्ने गर्दछन् ।
- यिनीहरुले बजाउने सारङ्गीले 'पुरानो वाजा' अर्वाजोको स्थान लिएको पाइन्छ ।
- गाइनेहरुको कुलदेवताको नाम बिजुलाङ्गी हो ।
- यिनीहरु भदौ पूर्णिमाका दिन सेतो र रातो ध्वजा चढाएर कुल देवताको पूजा गर्दछन् ।

**प्रश्न नं. ११: दनुवार, थारु, थामी जनजातिबारे टिप्पणी लेख्नुहोस् ।**

**(क) दनुवार**

- दनुवार जातिको उत्पत्तिस्थल बाँके बर्दिया भएको र त्यहीबाट नै अन्यत्र फैलिएको विश्वास गरिन्छ ।
- कछडिया (कछाड लगाउने), जनै धरिया (जनै लगाउने), राई दनुवार र अधिकारी दनुवार गरी दनुवार जातिका ४ वटा थरहरु छन् ।
- दनुवारहरुले कृषि, पशुपालन, माछा मार्ने व्यवसायलाई आफ्नो जीविकाको माध्यम बनाएको पाइन्छ ।
- हिन्दु धर्मावलम्वी दनुवार जातिले हिन्दु चाडपर्वहरु उत्साह र उमङ्गका साथ मनाउँछन् ।
- यो जातिको विवाहमा दुलाहाका बाबु जन्ती जाँदैनन् ।
- दनुवार जातिका कुनै व्यक्तिको मृत्यु हुँदा ५ वर्षभन्दा तलका व्यक्तिलाई गाड्ने र सोभन्दा माथिकालाई जलाउने परम्परा छ ।



Question Bank Nepal

**(ख) थारु**

- नेपालको तराई प्रदेशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र मध्य पहाडी क्षेत्रका उपत्यकाहरु दाङ, सुर्खेत, उदयपुर, चितवनमा थारुहरु बसोबास गर्ने जनजाति ।
- भारतको राजस्थानको थार मरुभूमि क्षेत्रबाट नेपाल प्रवेश गरेकोले यिनलाई थारु भनिएको हुन सक्ने अनुमान गरिन्छ ।
- चितवनमा थारु युवक युवतीहरुलाई 'वाठ वाठीं' भनिन्छ ।
- थारुका पुरोहितलाई गुरुवा (गुरौं), भर्रा, सोखा भनिन्छ ।
- माघ १ गते पर्ने माघी पर्व थारुहरुको प्रमुख चाड हो ।
- थारुका नृत्यहरुमा 'झुमरा', 'झमटा', 'सारणी', जटाजातिन', 'माधवलाल गोपीचन', भरथरी सुरवरिया' आदि मुख्य मानिन्छ ।
- भदौ महिनाको अन्तिम आइतबारमा पर्ने 'वडका इतवार', 'फागु' पनि थारुहरुको प्रमुख चाडभित्रै पर्दछन् ।
- थारु समुदायका कुलदेवतालाई देउवा गण भनिन्छ ।

**(ग) थामी**

- जतिसुकै समस्या परे पनि आफ्नो पैतृक सम्पत्ति अरुलाई नदिई आफुसँगै थामी राख्ने तथा आफ्नो पैतृकस्थललाई नछोडी त्यहीं थामिई बसिरहने हुँदा यो जाति थामी कहलिएको हो भन्ने भनाई छ ।
- थामीको मुख्य बसोबास भएका जिल्लाहरु दोलखा, सिन्धुपाल्चोक, रामेछाप हुन् ।
- थामी जातिका प्रमुख थरहरु आकामी, रामो, डुम्फा हुन् ।

**प्रश्न नं. १२: थारु, राई तामाङ्ग, सुनवार, लिम्बु, राजवंशी, मेचे, गरुङ्ग, जिरेल, चेपाङ्ग, नेवार, मगर र धिमाल जनजातिहरुका पुरोहितहरुलाई के भनिन्छ ? लेख्नुहोस् ।**

उल्लेखित जनजातिहरुका पुरोहितहरुलाई निम्न नामले सम्वोधन गरिन्छ :

| | | | |
|---|---|---|---|
| थारु | – भर्रा, गुरुवा | गुरुङ्ग | – घ्याब्रे |
| तामाङ्ग | – वोपो, लामा | राई | – झाेपा |
| जिरेल | – नाक्सो | सुनुवार | – नासो |
| चेपाङ्ग | – पाँडे | लिम्बु | – फेदाङमा, साम्बा |
| नेवार | – गुभाजु | राजवंशी | – गुरुवा |
| मगर | – भुषाल | मेचे | – देउसी |
| धिमाल | – वाराङ | | |

**प्रश्न नं. १३: नेपालका जातिहरुलाई रक्त समूहका आधारमा कसरी विभाजन गरिएको छ ? उल्लेख गर्नुहोस् ।**

नेपालका जातिहरुलाई रक्त समूहका आधारमा निम्नानुसार विभाजन गरिएको छः

१. **भारोपली वा आर्य समूह :** गहुँगोरो वर्ण, चुच्चो नाक, कालो नरम कपाल, मझौला कद, नरम कालो कपाल, लाम्चा गडेका आँखा जस्ता विशेषता भएका बाहुनक्षेत्री तथा दलित जाति यो समूहमा पर्दछन् ।



Question Bank Nepal

२. **मंगोल समूह** : थेप्चो नाक, पुष्ट मुखाकृति, साना चिम्सा आँखा, जुँगा दाह्री कम आउने जस्ता प्रकृतिका राई, लिम्बु, मगर नेवार, तामाङ्ग, आदि यो समूहमा पर्दछन् ।

३. **द्रविड समूह** : मेचे, कोचे, दनुवार, राजवंशी, झाँगड आदि यो समूहमा पर्दछन् ।

४. **अन्य जनजाति** : माथिका समूहमा नपर्ने अन्य जनजातिहरु जस्तो चेपाङ्ग, राउटे, कुसुण्डा आदि जनजातिहरु यस समूहमा पर्दछन् ।

प्रश्न नं. १४: तल दिइएका शिर्षकहरुमा छोटो टिप्पणी लेख्नुहोस् ।
(क) नेपाली लोकगीतको महत्व - लो.से.आ. २०६९ (समावेशी, खरिदार) अंक २.५
(ख) नेपाली लोक बाजा

**(क) नेपाली लोकगीतको महत्व**

समाजको दु:ख-सुख, माया-प्रीति, रहनसहन, परम्परा जस्ता कुराहरुलाई आधार बनाई रचना गरिएका गीतलाई लोकगीत भनिन्छ । लोक अर्थात समाजको गीत । लोकगीतले समाजको वास्तविक धरातलाई समेटेको हुन्छ । यी बस्ती वस्तीका वास्तविकतालाई समेट्दै तयार पारिएका हुनाले आम जनताको भावना छुने खालका हुनाले यिनीहरुको छुट्टै महत्व रहेको हुन्छ ।

**(ख) नेपाली लोक बाजा**

नेपाली समाजले परम्परादेखि लोकगीत र भजनहरुका साथ बजाउँदै आएका बाजाहरुलाई नेपाली लोक बाजा भनिन्छ, जो नेपाली मौलिक परम्परामा आधारित हुन्छन् । पञ्चेबाजा, खैंजेडी, मादल, सारङ्गी, हारमुनियम, अरबाजो, बिनायो आदि नेपाली लोक बाजाका उदाहरणहरु हुन् ।

नेपाली लोक बाजाको एउटा मुख्य विशेषता भनेको मधुर, कर्णप्रिय र बजाउन सरल एवं सहज हुनु हो । जनमानसमा भिजिसकेका र समाजले सहर्ष स्वीकार गरिसकेका हुनाले यी बाजाहरुको संरक्षण गर्नु नितान्त आवश्यक छ ।

प्रश्न नं : १५: वास्तुकला भनेको के हो ? नेपालको वास्तुकला मध्ये प्यागोडा शैलीका विशेषताहरुलाई उदाहरण सहित व्याख्या गर्नुहोस् । - लो.से.आ. २०६९ (समावेशी, खरिदार) अंक १+४ =५

विभिन्न कलाहरुमध्ये घर, मन्दिर, विद्यालय बनाउने वासस्थानसम्बन्धी कलालाई वास्तुकला भनिन्छ । वास्तुकलाका प्यागोडा, शिखर, चैत्य, मुगल, गुम्वज जस्ता विभिन्न शैलीहरु विकसित भएका छन् ।

कुनै मठमन्दिर, घर, मन्दिरका तहगतरुपमा बनाइएका एकभन्दा बढी छानाहरु हुने, तलभन्दा माथितिरका छानाहरु सानो सानो हुँदै जाने र माथिल्लो छानामा गजुर राखिने, छाना अड्याउन डुँडाल राखिने शैलीलाई प्यागोडा शैली भनिन्छ ।

प्यागोडा शैलीलाई शुद्ध नेपाली शैली, बहुछानायुक्त शैली (Multi-Tired Style), तले शैली, तले मन्दिर शैली आदि भनिन्छ । नेपालमा यो शैली निकै प्रचलित छ ।

प्यागोडा शैलीका मुख्य मुख्य विशेषताहरु निम्नानुसार हुन्छन् :



Question Bank Nepal

- दुई वा सोभन्दा वढी तहगतरुपमा छानाहरु बनाइएको हुन्छ ।
- तल्लोभन्दा माथिल्लो छानाहरु क्रमशः सानो सानो हुँदै गएका हुन्छन् ।
- सबैभन्दा माथिल्लो छानामा गजुर राखिएको हुन्छ ।
- छानालाई थाम्न ४५ डिग्रीको कोणमा साधा वा कलात्मक काठका टुँडालहरुको प्रयोग गरिन्छ ।
- पेटीको दुवैपट्टि सुरक्षा गार्डको रुपमा विभिन्न आकृति राखिएको हुन्छ ।
- जग वा पेटी गोलाकार वर्गाकार, चतुष्कोणाकार, अष्टभुजाकार रुपमा निर्माण गरिन्छ ।

**प्यागोडा शैलीका केही मुख्य उदाहरण**

- भुपतिन्द्र मल्लद्वारा वि.सं. १७५९ मा निर्माण गरिएको पाँचतले न्यातपोल मन्दिर ।
- मानदेवले बनाएको भक्तपुरमा अवस्थित चाँगुनारायण मन्दिर
- हिन्दुहरुको आराध्यदेवको रुपमा चिनिने पशुपतिनाथको मन्दिर
- वि.सं. १६२० मा महेन्द्र मल्लले बनाएको तलेजु मन्दिर
- पनौतीको तीनतले इन्द्रेश्वर मन्दिर
- नाला भगवतीको चारतले मन्दिर
- पाटनको कुम्भेश्वर मन्दिर आदि ।

**प्रश्न नं. १६ : नेपालमा प्रचलित प्रमुख धर्महरु कुन कुन हुन् ? सबै धर्मको वारेमा छोटकरीमा टिप्पणी गर्नुहोस् ।**

नेपाल वहुजातीय, बहुभाषिक, बहुसाँस्कृति देश भएको हुँदा नेपालको समाजलाई बहुल समाज पनि भनिन्छ । बहुल प्रकृतिको समाज भएको हुँदा यहाँका विभिन्न जातजातिहरुले विभिन्न फरक फरक धर्महरुको अबलम्वन र अभ्यास गर्ने गरेको पाइन्छ । हिन्दु, बौद्ध, इस्लाम र क्रिश्चियन नेपालका प्रमुख धर्महरु हुन् भने शिख, फारसी, जैन, बहाई जस्ता धर्महरु पनि प्रचलित धर्महरु छन् ।

**(१) हिन्दु धर्म**

- विश्वको सबैभन्दा प्राचीन धर्मको रुपमा हिन्दु धर्मलाई लिइन्छ ।
- यो धर्मका संस्थापक कुनै व्यक्ति वा संस्था नभई यसको विकासमा धेरै व्यक्ति वा संस्थाहरुको योगदान रहेको मानिन्छ । यद्धपि शङ्कराचार्यलाई हिन्दु धर्मका प्रवर्द्धक मान्ने गरेको पाइन्छ ।
- यस धर्मका धार्मिक ग्रन्थका रुपमा वेद, उपनिषद पुराण, श्रुतिस्मृति, रामायण, महाभारत, आदिलाई लिइन्छ ।
- हिन्दु धर्मका प्रमुख देवताको रुपमा गणेश, सुर्य, देवी, विष्णु, शङ्करलाई मानिन्छ ।
- यो विशाल समुदायले मान्ने र विशाल धार्मिक साहित्य भएको धर्म हो ।
- यो धर्ममा देवी देवताप्रति आस्था, पुनर्जन्म जस्ता कुराहरुमा विश्वास गर्ने गरिन्छ ।



Question Bank Nepal

**(२) बौद्ध धर्म**

- हिन्दु धर्मपछिको सबैभन्दा धेरै धर्मावलम्वीहरु भएको धर्म हो, जसका प्रवर्तक तथा संस्थापक गौतम बुद्ध हुन् ।
- बौद्ध धर्मको प्रमुख धार्मिक ग्रन्थ त्रिपिटक हो ।
- यस धर्मको पुजास्थललाई विहार, मठ वा स्तूप भनिन्छ ।
- ज्ञान, सत्कर्म र अहिंसामा विश्वास गर्ने जातीय भेदभाव र अस्पृश्यतालाई नमान्ने यस धर्मलाई युग सापेक्ष वैज्ञानिक धर्मको रुपमा लिइन्छ ।

**(३) इस्लाम धर्म**

- इस्लाम धर्मका प्रवर्तक तथा संस्थापक पैगम्बर मोहम्मद हुन् ।
- इस्लाम धर्मावलम्वीहरुलाई मुस्लिम वा मुसलमान भनिन्छ ।
- इस्लाम धर्मको पुजास्थललाई मस्जिद भनिन्छ भने धार्मिक ग्रन्थलाई कुरान भनिन्छ ।
- ईश्वरलाई 'अल्लाह' मान्ने इस्लामीहरु ईश्वर एक मात्र हुन्छ भन्ने मान्यता राख्छन् ।
- साउदी अरवको मक्का मदिनामा पैगम्बर मोहम्मदलको जन्म भएकाले सो स्थानलाई इस्लामीहरु पवित्र तिर्थस्थलको रुपमा लिई जीवनमा एक पटक पुग्नु पर्ने मान्यता राख्छन् ।

**(४) क्रिश्चियन/इसाई धर्म**

- जेरुसेलममा जन्मेका जिसस क्राइष्टलाई यस धर्मका प्रवर्तक मानिन्छ ।
- यस धर्मले लोभ गर्न नहुने, दीनहीन तथा दुःखीको सेवामा तल्लिन हुनु पर्ने जस्ता मान्यतालाई जोड दिन्छ ।
- धार्मिक ग्रन्थलाई "बाइवल" र पुजास्थललाई "चर्च" अर्थात गिर्जाघर भनिन्छ ।
- यस धर्मका क्याथोलिक र प्रोटेष्टेन्ट गरी दुई शाखा रहेका छन् ।
- क्याथोलिकलाई कट्टर र प्रोटेष्टेन्टलाई केही लचक र सुधारिएको धर्मको रुपमा लिने गरिन्छ ।
- यस धर्मका प्रमुख गुरुलाई पोप, सहायकहरुलाई पादरी भन्ने गरिन्छ ।

**(५) शिख धर्म**

- शिख समुदायले मान्ने धर्मलाई शिख धर्म भनिन्छ ।
- गुरु नानकलाई शिख धर्मका संस्थापक मानिन्छ ।
- अहिंसा, सत्कार्य, परोपकार जस्ता कुरालाई यस धर्मले जोड दिने गर्दछ ।
- शिख धर्मको धार्मिक ग्रन्थ गुरु ग्रन्थ साहेव हो ।
- गुरुद्वारा शिख धर्मको धार्मिक स्थल हो ।

**(६) जैन धर्म**

- यस धर्मका संस्थापक वर्द्धमान महावीर जैन हुन् ।
- विष्णुका २४ अवतारहरु मध्ये ८औं अवतारको रुपमा तीर्थङ्कर वर्द्धमानलाई लिइन्छ ।



Question Bank Nepal

- जैन धर्मको धार्मिक ग्रन्थलाई वचनामृत भनिन्छ ।
- जैन धर्मका प्रथम जैन गुरु ऋषभदेव हुन् भने २४औं तथा अन्तिम गुरु महावीर वर्द्धमान हुन् ।
- पवित्रता, सच्चरित्रता र अहिंसालाई यो धर्मले विशेष जोड दिने गर्छ ।

**(७) फारसी धर्म**

- यस धर्मका प्रवर्तकको रुपमा माहात्मा जोराष्टार अर्थात जरथुस्त्रलाई लिइन्छ ।
- यस धर्मावलम्वीहरुले मुख्यतः अग्नी र सुर्यको पूजा गर्ने गर्छन् ।
- फारसी धर्मालम्वीहरु मृत शरिरलाई उच्च ठाउँमा खुला छोडिन्छ, जसलाई कौवा, चिल आदिले खाने गर्छन् ।
- फारसी धर्मका धार्मिक ग्रन्थहरु जेन्द आवेस्ता, खोरदाह, आवेस्ता, यास्ना, नास्क, विस्पारक आदि हुन् ।
- फारसी धर्मावलम्वीहरुको पूजास्थललाई अग्नि मन्दिर भनिन्छ ।

**(८) वहाई धर्म**

- वहाई धर्मलाई विश्वको सबैभन्दा कान्छो धर्म मानिन्छ ।
- सन् १८६३ मा इरानमा यो धर्मको स्थापना भएको हो ।
- यस धर्मका संस्थापक अब्दुल बाह उल्लाह हुन् ।
- वहाई धर्ममा अब्दुल बाह उल्लाहलाई बाब पनि भनिन्छ, जसको जन्म सन् १८१७ मा भएको थियो ।
- यो धर्मको मुख्य सन्देश एकता हो । मानव हितका लागि मानवहरु बीचमा एकता हुनु पर्दछ भन्ने मान्यता नै यो धर्मको सार हो ।

संक्षेपमा, विश्वमा पाइने प्रमुख धर्महरुलाई नेपालका थेरथोर मानिसहरुले अबलम्वन गरेको पाइन्छ । विभिन्न जातजातिहरुले विभिन्न धर्महरुको अवलम्वन गरेको भए तापनि सबै धर्मको सार भनेकै परोपरकार, सेवा, सत्य, असल र इमान्दार व्यवहार, अहिंसा हो र यी कुराहरुलाई सबै धर्महरुले नैतिकरुपमा अबलम्वन गर्न सिफारिस गर्दछन् ।

**प्रश्न नं. १७ : साँस्कृतिक सम्पदा भनेको के हो ? यी कति प्रकारका हुन्छन् ? साँस्कृतिक सम्पदाको महत्व तथा विशेषताबारे उल्लेख गर्नुहोस् ।**

**साँस्कृतिक सम्पदा**

मानिसले आ-आफ्नो परम्परा अनुसार लामो समयदेखि मान्दै या प्रयोग गर्दै आएको धर्म, चाडपर्व, रितिथिती, रहनसहन, संस्कृति, भेषभुषा, भाषा, साहित्य, कला तथा यीसँग सम्बन्धित मानवनिर्मित भौतिक संरचनाहरुलाई नै समग्रमा साँस्कृतिक सम्पदा भनिन्छ । साँस्कृतिक सम्पदा भौतिक र अभौतिक गरी दुई प्रकारका हुन्छन् ।

भौतिक साँस्कृतिक सम्पदाले देख्न र छुन सकिने, अनुभूत गर्न सकिने मानवनिर्मित पौराणिक मठ, मन्दिर, पाटी पौवा, सालिक, गुम्वा, स्तुप, चैत्य, विहार, मस्जिद, चर्च, चिहान, शिलालेख, ताम्रपत्र, मूर्तिहरु आदिलाई जनाउँछ ।



Question Bank Nepal

अभौतिक साँस्कृतिक सम्पदाले देख्न र छुन नसकिने मानिसले लामो समयदेखि मान्दै या प्रयोग गर्दै आएको धर्म, चाडपर्व, रितिथिती, रहनसहन, संस्कृति, भेषभूषा, भाषा, साहित्य, कला आदिलाई जनाउँछ ।

**साँस्कृतिक सम्पदाका विशेषताहरु**

- साँस्कृतिक सम्पदा मानव सभ्यताका ऐना हुन् ।
- साँस्कृतिक सम्पदा पूर्वजबाट नयाँ पिंढीमा हस्तान्तरण हुन्छन् ।
- यी सामाजिक अस्तित्वका आधार स्तम्भको रुपमा रहन्छन् ।
- साँस्कृतिक सम्पदा सामाजिक संस्कारको रुपमा विकास भएका हुन्छन् ।
- साँस्कृतिक सम्पदाहरु मानव समुदायका संग्रहहरु हुन् ।
- यिनीहरु विश्वका साझा सम्पत्तिका रुपमा चिनिन्छन् ।
- यिनीहरु ऐतिहासिकता, विश्वसनीयता र प्राचीनता एवं विशिष्टताको आधारमा वर्गीकरण गरिन्छन् ।
- साँस्कृतिक सम्पदाहरु धार्मिक आस्था, सहिष्णुता र सामाञ्जस्यता तथा मौलिक ललितकला एवं वास्तुकलाका प्रतिकका रुपमा समेत चिनिन्छन् ।

**साँस्कृतिक सम्पदाको महत्व**

- सांस्कृति सम्पदाले अन्तर्राष्ट्रिय जगतमा देशको पहिचान गराउँछन् ।
- साँस्कृतिक सम्पदाले देशको सभ्यतालाई झल्काउँछन् ।
- साँस्कृतिक सम्पदा पर्यटन विकासका आधारशीला हुन् ।
- साँस्कृतिक सम्पदाबाट देशको इतिहासलाई भावी पुस्तासम्म हस्तान्तरण गर्न मद्धत पुग्छ ।
- साँस्कृतिक सम्पदाले देशका विभिन्न जातजातिहरुको भेषभुषा, रहसनसहन, भाषा भाषिका, मुल्य, मान्यता, प्रथा, परम्परा लगायतका विभिन्न विषयहरुको जानकारी प्राप्त गर्न मद्धत पुग्दछ ।
- सांस्कृति सम्पदाको अध्ययनबाट देशको विगत र बर्तमानको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृति, प्रशासनिक गतिविधिहरुको थप अध्ययन र अनुसन्धान गर्न मद्धत पुग्दछ आदि ।

**प्रश्न नं. १८: घाटु नाच, धान नाच, झिझिया नाचबारे छोटकरीमा उल्लेख गर्नुहोस् ।**

**(क) घाटु नाच**

- गण्डकी अंचलका विभिन्न ठाउँहरुमा वसोवास गर्ने मुख्यगरी गुरुङ्ग, मगर समुदायका जनजातिहरुले नाच्ने प्रशिद्ध नाच घाटु नाच हो ।
- यो नाच प्रत्येक वर्ष वसन्त पंचमीका दिन शुरु भई वैशाख शुक्ल पूर्णिमाका दिनसम्म नाचिन्छ ।



Question Bank Nepal

- यो नाचको समयमा ३।४ वर्षका कन्याहरुलाई शुद्ध गराई देवीदेवता माझ लिन गराउने चलन छ।
- देवीदेवता माझ लिन गराउँदा देवताको अंश चढेमा त्यस्ता केटीलाई घाटुली भनिने।
- गायन टोलीका साथ महिला पुरुष सहभागी भै मनाइने यो नाच आजकाल प्रचलनबाट हराउँदै गएको छ।

**(ख) धान नाच**

- पाँचथर, ताप्लेजुङ्ग, इलाम, धनकुटा तेह्रथुम जिल्लाहरुमा बसोवास गर्ने लिम्बू समुदायको प्रशिद्ध नाच हो।
- यो नाच खेतीपाती उठाइसकेपछि फुर्सदका समयमा नाचिने नाच हो, जसमा युवायुवतीहरु परम्परागत भेषमा सामूहिकरुपमा सहभागी हुन्छन्।
- धान र पराल छुट्ट्याउने क्रममा युवायुवतीहरु परस्परमा मिलेर नाच्ने, गाउने गरेकोले नै यसको नाम धान नाच रहेको मानिन्छ।
- धान नाचका अवसरमा गाइने गीतलाई पालङ्मा भनिन्छ,
- युवायुवती बीच प्रेमभावहरु साटासाट गर्ने अवसरका रुपमा लिने यो नाचलाई लिम्बू भाषामा यालङमा भन्ने गरिन्छ।

**(ग) झिझिया नाच**

- पूर्वाञ्चल तथा मध्यमाञ्चलका तराई क्षेत्रमा वसोवास गर्ने मैथली भाषाभाषी समुदायमा प्रचलित नाचलाई झिझिया नाच भनिन्छ।
- घटस्थापनाको दिनदेखि वडादशैंसम्म रातको समयमा घर घर डुल्दै नृत्य गरिन्छ।
- यस नृत्यमा महिलाहरु प्वाल पारेको माटोको घैलामा आगो वालेर शिरमा राखी समूहमा नृत्य गर्दछन्।
- देवी देवताको भजन भूतप्रतको निन्दा गर्दै गीतिमय पारामा नाच्ने यो नाचमा ३।४ जना नाच्ने र बाँकीले गीत गाउने गर्छन्।
- धार्मिक तथा तान्त्रिक महत्व रहेको यो नृत्य गर्दा भूतप्रेत लाग्दैन भन्ने विश्वास रहेको छ।
- सर्लाही र महोत्तरी जिललामा वसोवास गर्ने मलाहा समुदायका महिलाहरुमा मुख्यत: प्रचलित छ।

**प्रश्न नं. १९: सोहराय पर्व, सिरुवा पर्व र टहोटे पर्वबारे टिप्पणी लेख्नुहोस।**

**(क) सोहराय पर्व**

- झापा र मोरङ्ग जिललामा बसोवास गर्ने सतार जातिहरुको सवैभन्दा ठूलो पर्व।
- पौष माघतिर पर्ने यो पर्व सतारहरुले ६ दिनसम्म वडो धुमधामका साथ मनाउँने गर्दछन्।
- पर्वको पहिलो दिनदेखि अन्तिम दिनसम्मका क्रमश: उम, ढाका, खुन्टाऔं, जाली, हाकुकटकम् र साकरात जस्ता नामहरुबाट यो पर्व मनाउने चलन छ।



QuestionBank Nepal

- पहिलो दिनको उमका दिन सामूहिकरुपमा नदि, तलाउ, इनारमा गई स्नान गर्ने, घर, चोक, आँगन सफा राख्ने गरिन्छ ।
- दोस्रो दिन ढाकाका दिन इष्टमित्र सबै बसी मिठामसिनो खाने र तेस्रो दिन खुन्टाऔका दिन राँगा, गोरु पूजा गर्ने, नाचगान गर्ने गर्दछन् ।
- जाली नामबाट मनाइने चौथो दिन अरुको घरमा भएका फलफूल घरवालाले थाहा नपाइकन चोरी खाने गर्दछन् भने पाँचौ दिनको हाकुकटकम्का दिन माछा र गँगटाका परिकार बनाई खाने गर्दछन् ।
- छैटौ तथा अन्तिम दिन साकरात नामबाट मनाइने यो दिन युवाहरु जंगलमा गई शिकार खेल्ने, जाँड, रक्सी खाने, रमाउने गाउने गर्दछन् ।

**(ख) सिरुवा पर्व**

- झापा, मोरङ्ग, सुनसरी जिल्लामा बस्ने राजवंशी जनजातिको महत्वपूर्ण पर्व हो ।
- कुलदेवताको पूजा गरी हिलो तथा रंग छ्यापेर यो मनाउने गर्दछन् ।
- सिरुवा पर्वको बेला राजवंशी जातिमा लसुन र प्याज घरवाहिर झुण्ड्याउने चलन छ ।
- यो पर्वका वेला ७ प्रकारका तरकारी मिसाएर बनाइने सागभाजी बनाएर खाने गरिन्छ ।
- सिरुवा पर्वमा यो समुदायका कुलदेवता ठाकूर विसरीको पूजा गर्ने, टिष्टाबुढीका नामले टिष्टा नदीको पूजा गर्ने गर्दछन् ।
- राजवंशीका अलवा आजकाल यो पर्व थारु, कहार, गनगाईं ताजपुरिया आदिले समेत उत्साहका सथा मनाउने गर्दछन् ।
- पर्वमा हाटबजार भर्ने, गानाबजाना गरी रंगरोगन छ्यापी नाचगानका साथ मनाउने गर्दछन् ।

**(ग) टहोटे पर्व**

- गुरुङ्ग समुदायमा प्रचिलत पर्व ।
- भूतप्रेत धपाउन, रोगब्याधीबाट मुक्ति पाउन उद्देश्यका साथ मनाइने ।
- वर्षमा दुई पटक उँधौली र उँभौलीका रुपमा मनाइने ।
- ट को अर्थ वस्ती र होटेको अर्थ शत्रु धपाउने भन्ने अर्थमा वस्ती वा गाउँको शत्रु/भूत धपाउने भनी यो पर्व मनाउने गर्दछन् ।
- आजकल गाउँमा हुने अन्याय, अत्याचार, भ्रष्टाचारको विरुद्धमा समेत मनाउने गरिन्छ ।

**प्रश्न नं. २०: गणगौर पर्व, चासोक पर्व र ल्होछार पर्वबारे छोटकरीमा उल्लेख गर्नुहोस् ।**

(ल्होछार पर्व- लो.से. आ., २०७० (ना.सु.)

**(क) गणगौर पर्व**

- मारवाडी समुदायले चैत महिनामा मनाउने पर्व ।
- यो पर्वमा सिद्धिविनायक गणेश र गौरीदेवीको पुजा गर्ने चलन छ ।

- सतित्व रक्षा, पवित्रता, श्री सौन्दर्य तथा शक्ति प्राप्तिका लागि गरिने यो पर्वलाई सौभाग्य सुन्दरीव्रत पनि भनिन्छ ।
- व्रतको अन्तिम समय चैत्र कृष्ण प्रतिपदाका दिन विशेष पुजा गरी द्वितीयाका दिन गणगौरलाई पानी खुवाइन्छ र तृतीयाको दिन विसर्जन गरिन्छ ।
- यो व्रत सौभाग्यती नारीहरुले पतिवाट असीम प्रेम र स्नेह प्राप्त गर्न र अविवाहिताले सुन्दर योग्य पति प्राप्त गर्न पूजा गर्दछन् ।
- यो पर्वमा गणगौर (गौरी) लाई झुला झुलाउने चलन छ ।

**(ख) चासोक पर्व**

- लिम्बु समुदायको विशिष्ट पर्वको रुपमा रहेको यो पर्व कार्तिक महिनामा पर्दछ ।
- न्वागी पूजा समेत भनिने यो पर्वमा पाकेका नयाँ फलफूल, अन्नबाली देवी देवतालाई चढाएर मात्र खाने चलन छ ।
- यो पर्वमा रातभर धाननाच, च्याबुङनाच नाच्दै हाक्पारे गी गाई रमाइलो गर्ने गर्दछन् ।
- यो पर्व मनाएको भोलिपल्ट छेलो हान्ने खेल आयोजना गर्ने गर्दछन् ।
- पर्वका अवसरमा लिम्बू समुदायकै ऐक्यवद्धता , समृद्ध संस्कृतिको कामना गर्ने गर्दछन् ।

**(ग) ल्होछार पर्व**

- नेपालको उत्तरी क्षेत्रमा बस्ने शेर्पा, गुरुङ्ग, भोटे, थकाली, मगर आदि समुदायले मनाउने पर्व ।
- ल्होसारको अर्थ वर्ष र सारको अर्थ नयाँ भन्ने बुझिने हुनाले ल्होसारको अर्थ नयाँ वर्ष भन्ने हुन्छ ।
- यो पर्वलाई नयाँ वर्षको रुपमा मनाउने गर्दछन् ।
- यो चाडलाई तीन पटक अर्थात माघे संक्रान्तिका दिन तामाङ्गहरुले, पुस १५ का दिन तुम गुरुङ्गहरुले र फागून शुक्ल प्रतिपदाका दिन शेर्पाहरुले मनाउने गर्दछन् ।
- नयाँ वर्षको दिन चोखो पानी ल्याई पूजा गर्ने, बधाई, शुभकामना आदानप्रदान गर्ने तथा विशेष प्रसादको रुपमा क्षमार र विशेष प्रकारको खानेकुरा कुथुक बनाउने चलन छ ।
- ल्होसारको मुख्य दिनलाई छेदी पनि भन्ने गर्दछन् ।
- प्रत्येक वर्ष कुनै न कुनै जनावरको नामबाट मनाउने यो चाड मुसो, गाई, बाघ, विरालो, मेघ, नाग, घोडा, भेडा, बाँदर, गरुड, कुकुर र बँदेलका नामबाट मनाइन्छ ।
- प्रत्येक १२ वर्षमा यो चक्र पुरा हुन्छ । प्रत्येक ५ चक्र अर्थात ६० वर्षको अवधिलाई एक राप्चुङ्ग भनिन्छ ।



Question Bank Nepal

# १.५ सामाजिक समस्या तथा विकृतिहरु र तिनको समाधान

**प्रश्न नं. १: सामाजिक समस्या भनेको के हो ?**

समाजको परिवहन, परिवर्तन र विकासमा व्यवधान सिजर्ना गर्ने विभिन्न खालका नकरात्मक पक्षहरु चेलीबेटी बेचबिखन, शरणार्थी समस्या, छुवाछुत, सामाजिक विभेद, चोरी, डकैती, लुटपाट, तोडफोड, बलात्कार, भ्रष्टाचार, घुसखोरी, जुवातास, अनमेल विवाह, बालविवाह, युवा पलायन, दुर्व्यसन आदिलाई समष्टिमा सामाजिक समस्या भनिन्छ ।

देश विकासको स्तर, बेरोजगी, अशिक्षा, सामाजिक चेतनाको स्तर, जनताको जीवनस्तरको अवस्था, सामाजिक संरचना, परापूर्वकालदेखि चलनचल्तीमा रहेका धर्म, प्रथा, प्रचलन, रितिरिवाज, संस्कृति, देखासिकी जस्ता विभिन्न कारणले समाजमा सामाजिक समस्याहरु सिर्जना हुने गरेको पाइन्छ ।

सामाजिक समस्याकै कारण अनेक प्रकारका सामाजिक विकृतिहहरु सिर्जना हुन्छन् । यसर्थ सामाजिक समस्या र सामाजिक विकृति बीच सिधा सम्वन्ध रहेको हुन्छ ।

**प्रश्न नं. २: नेपाली समाजका मुख्य मुख्य सामाजिक समस्या के के हुन् ? उल्लेख गर्नुहोस् ।**

नेपाली समाजका विद्यमान सामाजिक मुख्य मुख्य समस्याहरु निम्नानुसार रहेका छन् :

- बालमजदुर,
- लागुऔषध दुर्व्यसन तथा ओसारपसार,
- चेलीबेटी बेचबिखन तथा ओसारपसार,
- शरणार्थीसम्बन्धी समस्या,
- अव्यवस्थित बसाईसराई,
- जनसंख्या बृद्धि,
- युवा पलायन,
- बढ्दो भ्रष्टाचार,
- बालविवाह, बहुविवाह, अनमेल विवाह,
- छुवाछुत तथा सामाजिक विभेद,
- चोरी, डकैती, लुटपाट,
- सामाजिक कलंकका रुपमा परापूर्वकालदेखि चलि आएका प्रथाहरु,
- लिङ्गीय विभेद,
- जुवातास आदि ।

Question Bank Nepal

**प्रश्न नं. ३: सामाजिक विकृति केलाई भनिन्छ ?**

साधारण अर्थमा विकृति भनेको नै खराब हो । समाजलाई हित नगर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समाजलाई असहयोग गर्ने या हानी पुऱ्याउने, सामाजिक पृष्ठभूमिमा नै सिर्जना भै समाजमै विद्यमान रहने मौलिकपनभन्दा भिन्न क्रियाकलाप, व्यवहार तथा प्रचलनहरुलाई सामाजिक विकृति भनिन्छ ।

- जातीय विभेद, भ्रष्टाचार, जुवातास, चेलीबेटी बेचविखन, दुर्व्यसन, अनेक प्रकारका कुप्रथा आदि सामाजिक विकृतिका रुपहरु हुन् ।
- सामाजिक विकृतिलाई नै समाज विकासका बाधक तत्व मानिन्छ ।
- यिनीहरुको निराकरणका लागि चेतनामूलक तथा सन्देशमूलक कार्यक्रमहरुकोसंचालन जनजागरण अभियान आदि गरिनु आवश्यक हुन्छ ।

**प्रश्न नं. ४: सामाजिक विकृतिका रुपमा नेपाली समाजमा विद्यमान मुख्य मुख्य प्रथा र प्रचलनहरु के के छन् ? संक्षेपमा उल्लेख गर्नुहोस् ।**

वा

**नेपालका प्रचलित ५ वटा कुप्रथाको नाम लेखी कुनै दुईको व्याख्या गर्नुहोस् । - लो.से.आ. २०७० (खरिदार) अंक ५**

प्राचीनकालदेखि समाजले निरन्तर रुपमा अनुसरण गर्दै आएका या अपनाउँदै आएका रित, परम्परा, मूल्य, मान्यता आदिलाई प्रथा भनिन्छ ।

प्रथाहरु अनुरणयोग्य पनि हुन्छन् । सबै प्रथाहरु विकृतिजन्य भने हुँदैनन् । यद्धपि नेपाली समाजमा विकृतिका रुपमा रहेका केही प्रथाहरुलाई निम्नानुसार उल्लेख गरिएको छः

**छाउपडी प्रथा**

- महिलाहरुमा हुने महिनावारीको समयमा घरभन्दा बाहिर कतै छाप्रो, झुपडी, ओढार आदिमा सो समयभर बस्नु पर्ने प्रथालाई छाउपडी प्रथा भनिन्छ ।
- यो प्रथा मुख्यतया: नेपालको मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा विभिन्न जिल्लाहरुमा अद्यापि पाइन्छ ।
- महिनावारी भएको समयमा दुध खान नहुने, घरभित्र पस्न नहुने, दाजुभाई तथा बुबाको अनुहार हेर्न नहुने जस्ता विकृतिजन्य मान्यताहरु रहेका छन् ।
- अन्धविश्वासका कारण प्रकृतिजन्य कुराहरुलाई पनि आडम्वरी मान्यातामा परिणत गरिनाले कयौं महिलाहरुमा सो समयमा संक्रमण हुने र कतिपय अवस्थामा महिलाहरुको मृत्यु समेत हुने गरेको छ ।
- सरकार, अदालत लगायतको आदेशका बाबजुद पनि यो प्रथा कायमै रहेको छ ।

**वादी प्रथा**

- श्री ३ देव शमशेरको पालामा गीत, नृत्य, बाद्यवादनको लागि भारतको उडिसाबाट ल्याइएका गन्धर्वहरु आफ्नो पुर्ख्यौली पेसाले जीवन धान्न नपुगेपछि वेश्या वृत्तिमा लागेका हुन् ।
- गन्धर्व जातिले अपनाएको वेश्यावृत्ति प्रथालाई वादी प्रथा भनिन्छ ।

Question Bank Nepal

- मध्यपश्चिम क्षेत्रका दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर आदि जिल्लामा यो प्रथा यद्यपी कायम रहेको पाइन्छ ।

**झुमा प्रथा**

- शेर्पा समुदायका केही कुमारी केटीहरुलाई बौद्ध गुम्बाहरुमा देवताको सेवा गर्न चढाइने प्रथालाई झुमा प्रथा भनिन्छ ।
- यसरी चढाइने युवतीहरुलाई झुमा भनिन्छ ।
- झुमाहरुले विवाह गर्नु हुँदैन भन्ने मान्यता रहेको छ ।
- झुमाको गुम्वाका लामाहरुसँगको अवैध सम्बन्धबाट जन्मेका शिशुहरु मध्येबाट गुम्बाको भावी लामा बनाइने परम्परा पाइन्छ ।

**डंगुवा प्रथा**

- विधवा महिलाले केही नाता नपर्ने परपुरषलाई लोग्नेजस्तै बनाएर राख्ने चलनलाई डंगुवा प्रथा भनिन्छ ।
- यो प्रथा राजवंशी जातिमा प्रचलित छ ।
- कुनै विधवा महिलाले कसैलाई डंगुवा राख्न चाहेमा त्यस्तो पुरुषलाई घुम्टोले मुख छोपेर राती भित्र्याउने चलन छ ।
- त्यस्ता पुरुष र नारी पति-पत्नी जस्तै भएर वसे पनि त्यस्तो पुरुष अन्य विवाहित पुरुषको तुलनामा तल्लो दर्जाको रुपमा मानिन्छ ।
- डंगुवाबाट जन्मेका बच्चाहरुलाई अंश दिने नदिने बारे नारीले नै निर्णय लिने चलन छ
- डंगुवाको सम्पत्तिमा अधिकार नहुने हुँदा उसले सामाजिक तथा धार्मिक कार्यमा सरीक हुन नपाउने परम्परा रहेको छ ।

**देउकी प्रथा**

- छोरा नभएमा, महारोग लागेमा, मुद्दा जित्न, आफ्नो मनोकांक्षा पूरा गर्नको लागि सुदूरपश्चिमका सेती र महाकाली अञ्चलका केही मन्दिरहरुमा कन्या चढाउने परम्परालाई देउकी प्रथा भनिन्छ ।
- समाजका धनीले गरिब परिवारका छोरीहरु किनेर आफ्नो मनोकांक्षा पूरा गर्ने यो प्रथालाई सामाजिक कलङ्कको रुपमा लिइन्छ ।
- देउकीले विवाह गर्न नहुने तर यौन सम्वन्ध कायम गर्न हुने धार्मिक अन्धविश्वास रहेको पाइन्छ ।
- वैतडी जिल्लाको मेलौली देवी मन्दिर यसको केन्द्रबिन्दु रहेको छ ।

**प्रश्न नं. ५: नेपाली समाजका रहेका कुनै दुई कुप्रथाको वारेमा छोटो परिचय दिएर त्यस्ता समस्या समाधानका उपायहरु बुँदागत रुपमा उल्लेख गनुहोस् । - लो.से.आ. २०६९ (खुल्ला, खरिदार) अंक २.५+२.५=५**

नेपाली समाजका रहेका कुप्रथाबारे प्रश्न नं. ४ को उत्तर हेर्नुहोला ।

**कुप्रथा सम्बन्धी समस्या समाधानका उपायहरु**

- कुप्रथा विद्यमान रहेका समुदायमा जनचेतनाको विकास गर्ने ।

Question Bank Nepal

- कुप्रथाहरुलाई रोक्न प्रभावकारी कानूनी व्यवस्था गर्ने ।
- स्थानीय निकाय, सामुदायिक विद्यालय तथा स्थानीय तहमा कार्यरत अन्य कर्मचारीलाई कुप्रथाजन्य समस्या समाधानका लागि परिचालित गर्ने ।
- समाजमा विद्यमान कुप्रथाहरु पहिचान गरी सोको अन्तका सरकार अभियानको रुपमा विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- कुप्रथाबाट पिडितलाई उद्धार तथा पुनर्स्थापना गर्ने ।
- गैरसरकारी संस्थाहरुलाई यसतर्फ उन्मुख गराउने ।

**प्रश्न नं. ६: भ्रष्टाचार भनेको के हो ? भ्रष्टाचारका कारण र समाधानका उपायहरु उल्लेख गर्नुहोस् । - लो.से.आ. २०६९ (समावेशी, खरिदार) अंक २+४+४=१०**

भ्रष्ट र आचरण मिली बनेको भ्रष्टाचार शब्दको शाब्दिक अर्थ खराब आचरण वा खराब बानी भन्ने हुन्छ । आर्थिक स्रोतको हिनामिनालाई सामान्य अर्थमा भ्रष्टाचारको रुपमा बुझिने गरिए तापनि वृहतरुपमा निजी फाइदाका लागि सार्वजनिक अधिकारको दुरुपयोगलाई भ्रष्टाचार भनिन्छ ।

- अर्को शब्दमा, कानूनले गर्नु भनेको काम नगर्ने र नगर्नु भनेको कार्य गर्नु भ्रष्टाचार हो ।
- यसलाई सार्वजनिक अधिकारको दुरुपयोग, आर्थिक हिनामिना, गैरकानूनी कार्य आदिको समग्र रुप मानिन्छ ।
- भ्रष्टाचार निवारण ऐन, २०५९ ले रिसवत लिनेदिने, विना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, कमिशन लिने, गलत लिखन तयार गर्ने, राजस्व, चुहावट गर्ने, गैरकानुनी लाभ पुऱ्याउने, नपाएको ओहोदा पाएँ भनी ढाँट्ने प्रश्नपत्रको गोपनियता भंग गर्ने, गलत अनुवाद गर्ने आदिलाई भ्रष्टाचारको रुपमा लिएको छ ।

**भ्रष्टाचारका कारणहरु**

राजनीतिक अस्थिरता, कमजोर निगरानी संयन्त्र मानसिक दरिद्रता र नैतिक एवं आध्यात्मिक मूल्यमा आएको चर्को गिरावट नै भ्रष्टाचारको मूल कारण हो । यसका साथै भ्रष्टाचारका कारणहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- फितलो कानूनी व्यवस्था,
- भ्रष्टाचारीलाई राजनीतिक संरक्षण,
- ऐन नियमको कार्यान्वयन र न्याय प्रशासनको सुस्तता,
- कमजोर निगरानी संयन्त्र,
- अत्यधिक सरकारी कार्यको गोप्यता,
- राजनीतिक अस्थिरता,
- प्रेस स्वतन्त्र र निष्पक्ष नहुनु,
- कमजोर नागरिक समाज,
- पारदर्शिता एवं जनचेतनाको कमी,
- गिर्दो नैतिक मुल्य, मान्यता,
- निर्वाहका लागि न्यूनतम पनि पारिश्रमिक नहुनु,
- गरिबी र वेरोजगारीको व्यापकता,



Question Bank Nepal

- कानुनी व्यवसायिकता र दक्षताको कमी,
- असुरक्षाका कारण प्रेस निडर हुन नसक्नु, आदि ।

**भ्रष्टाचार नियन्त्रणका उपायहरु**

- कमजोर कानूनी व्यवस्थालाई प्रभावकारी बनाउने,
- भ्रष्टाचारीलाई राजनीतिक संरक्षणबाट मुक्त गराउने,
- ऐन नियमको कार्यान्वयन र न्याय प्रशासनलाई प्रभावकारी बनाउने,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा तत्काल पदाधिकारीको नियुक्ती गर्ने,
- अख्तियार दुरुपयोग अनुन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द, महालेखा परीक्षकको कार्यालय आदिलाई प्रभावकारी बनाउने,
- सरकारी निर्णय र क्रियाकलापहरुको पारदर्शी बनाउने,
- तत्काल सहमती कायम गरी राजनीतिक अस्थिरताको अन्त गर्ने
- प्रेसलाई स्वतन्त्र र निष्पक्ष बनाउने,
- नागरिक समाजहरुलाई प्रभावकारी र क्रियाशील बनाउने,
- निर्वाहका लागि आवश्यक न्यूनतम दिई कडाईका साथ दण्ड, पूरस्कारको व्यवस्था गर्ने,
- प्रेसको सूरक्षाको ग्यारेण्टी गर्ने,
- सरकारी र अन्य सार्वजनिक काम कारवाही सरल र पारदर्शी बनाउने,
- ठेक्कापट्टा राजस्व र निर्माण कार्यसँग सम्बन्धित कार्यालयका कार्यहरुमा विशेष निगरानी राख्ने,
- विद्यालयहरुको पाठ्यक्रममा नैतिक शिक्षा समावेश गर्ने तथा नैतिक शिक्षाको व्यापक प्रचार प्रसार गर्ने,
- कर्तव्यनिष्ठा र इमान्दारीताको असाधारण उदाहरण देखाउने कर्मचारीलाई पुरस्कार र सम्मान गर्ने,
- अनुगमन, मूल्याङ्कको कार्यलाई व्यापक बनाउने आदि ।

**प्रश्न नं. ७: सामाजिक समस्या/विकृतिको समाधानका लागि के गर्नु पर्दछ ? छोटकरीमा उल्लेख गर्नुहोस् ।**

समाजमा रहेका अनेकन सामाजिक विकृति तथा समस्याहरुले सामाजिक उन्नति र प्रगतिलाई अवरोध गर्नुका साथै अनेकन सामाजिक अप्ठेराहरुको सिर्जना गर्दछन् । यस्ता समस्या तथा विकृतिहरुको समाधान गरिनु अत्यावश्यक हुन्छ । समाधानका मुख्य उपायहरु निम्नानुसार रहेका छन् :

- सामाजिक समस्या, विकृति र विसंगतियुक्त कार्यको उद्गम श्रोतको पहिचान गरी त्यस्ता पक्षहरुको न्यूनीकरण र निराकरण गर्दै जाने,
- समाजमा विद्यमान विकृतिजन्य प्रथालाई सरकारी पहलबाट रोक लगाउने,
- नैतिक शिक्षालाई तल्लो तहदेखि माथिल्लो तहसम्म लागू गर्ने,
- गरिब, पिछडिएका, असहाय वर्गहरुलाई
- लक्षित गरी रोजगार, सीपमूलक कार्यक्रम/तालिमहरु संचालन गर्ने,



Question Bank Nepal

- जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने,
- समाजका सदस्यहरु एवं सरोकारवाला पक्षहरुबीच सदभाव, सहयोग, सहिष्णुता, र पारस्पारिक एकतालाई सुदृढ पार्ने,
- समाजलाई रुपान्तरण गर्नका लागि परिवर्तनोन्मुख कार्यक्रमहरु संचालन गर्ने आदि ।

**प्रश्न नं. ८: भ्रष्टाचार एक प्रमुख सामाजिक समस्या हो । किन भ्रष्टाचारलाई सामाजिक समस्याका रुपमा लिइएको हो ? यसको समाधानका उपायहरु सुझाउनुहोस् । - लो.से.आ. २०६८ (समावेशी, खरिदार)**

वा

**भ्रष्टाचार नेपाली समाजको एक प्रमुख सामाजिक समस्या हो । यसले सामाजिक जीवन र आर्थिक विकासमा पार्ने प्रभाव छोटकरीमा प्रस्तुत गर्नुहोस् । - लो.से.आ. २०६८ (खुल्ला, खरिदार) अंक (2.5+2.5) =5**

**सामाजिक समस्याको रुपमा भ्रष्टाचार**

भ्रष्टाचारलाई नेपाली समाजको प्रमुख समस्याको रुपमा लिने गरिएको छ । यसलाई सामाजिक रोग पनि भन्ने गरिन्छ । सार्वजनिक व्यक्तिले सार्वजनिक स्रोत, शक्ति र अधिकार प्रयोग गर्ने हुँदा भ्रष्टाचार मुख्यत: सार्वजनिक व्यक्तिबाट हुने गर्दछ ।

सार्वजनिक कार्यका लागि जिम्मेवार रहेको व्यक्तिले सार्वजनिक सरोकारको कार्य नगरिनु वा गलत ढंगबाट गरिनु वा निजी फाइदाका लागि गरिनु नै भ्रष्टाचार हुने हुनाले यस्ता कार्यले समग्रमा समाजमाथि नै प्रहार गर्दछ ।

नेपालमा यस्ता कार्यहरु दिनानुदिन बढ्दै गइरहेका, सार्वजनिक शक्ति, अधिकार, स्रोत साधन दुरुपयोग गर्ने नयाँ नयाँ शैलीहरु विकसित हुँदै गएका र देशमा व्याप्त राजनीतिक अस्थिरताका कारण नियन्त्रण गर्ने संयन्त्रहरु कमजोर बन्दै गएका हुनाले भ्रष्टाचार नेपाली समाजको प्रमुख समस्याको रुपमा स्थापित हुँदै गइएरहेको छ ।

**भ्रष्टाचारले सामाजिक जीवन र आर्थिक विकासमा पार्ने प्रभाव**

सार्वजनिक हित एवं लक्षित वर्गका लागि प्रयोग गरिनुपर्ने स्रोतसाधान, शक्ति र अधिकार सार्वजनिक हितमा प्रयोग नगरिँदा वा निजी फाइदाको लागि प्रयोग गरिंदा विपन्न र लक्षित वर्गले राज्यको तर्फबाट पाउनु पर्ने सेवा सुविधा नपाउने, गरिबहरु झन् झन् गरिब हुने र त्यस्ता व्यक्तिहरु धनी हुँदै जाने भै समाजमा धनी र गरिबको वर्ग सिर्जना हुने गर्दछ र समाजमा असन्तुलनको अवस्था सिर्जना हुने गर्दछ ।

स्रोतको दुरुपयोग हुने हुँदा विकास अयोजनाहरु प्रभावित हुने गर्दछन् । समयमा आयोजना सम्पन्न नहुने, गणस्तरीय नहुने, चाँडै बिग्रने र भत्कने जस्ता समस्या सिर्जना हुन्छन् । लक्षित वर्ग र समूहसम्म लक्षित कार्यक्रम पुग्दैनन् या पुगेतापनि प्रभावकारी हुँदैनन् ।

देश Debt Trap मा फस्ने खतरा हुने र यसले अन्तत: देशको विकास प्रकृयामै प्रभाव पारी आर्थिक वृद्धि, राष्ट्रिय आय, प्रतिव्यक्ति आय कमजोर हुँदै आम नागरिकको जीवनस्तर नराम्ररी प्रभावित हुन्छ ।

**भ्रष्टाचार नियन्त्रणका उपाय**

प्रश्न नं. ६ को उत्तरमा हेर्नुहोला ।

# १.६ सामाजिक द्वन्दका कारण, असर र द्वन्द व्यवस्थापनका उपायहरु

**प्रश्न नं. १: सामाजिक द्वन्द भनेको के हो ? - लो.से.आ. २०६९ (समावेशी, खरिदार) अंक २**

सामान्य अर्थमा समाजमा झगडा, मनमुटाव, मनोमालिन्य, द्वुविधाको अवस्था सिर्जना हुनु नै सामाजिक द्वन्द हो।

अर्को शब्दमा भन्ने हो भने समाजमा रहेका विभिन्न जातजाति, भाषाभाषी, लिङ्ग वर्ग, सम्प्रदाय वीच वैमनस्यता तथा राजनैतिक दलहरु वीच असामञ्जस्यपूर्ण अवस्थाका साथ समाज विभिन्न वर्ग एवं खेमामा विभाजन भै पारस्पारिक असहयोग, असहिष्णुको अवस्था सिर्जना हुनु नै सामाजिक द्वन्द हो।

समाजमा रहेका सबै वर्ग, समुदाय, जातजाति, भाषाभाषी, लिङ्ग, सम्प्रदायका मानिसहरुले सम्मानपूर्वक रुपमा बाँच्न नपाएको अनुभूति हुनु, सामाजिक क्रियाकलापहरुमा समान हैसियत र गर्वका साथ सहभागिता जनाउन नपाउनु, सार्वजनिक उपयोगका स्थल, वस्तुहरुको सहज र समान हैसियतमा उपयोग तथा प्रयोग गर्न नपाउनु, सामाजिक विभेद हुनु, सबै भाषा, संस्कृतिको समान विकासको अवसर नहुनु आदि सामाजिक द्वन्दका मुख्य कारणहरु हुन्।

**प्रश्न नं. २: सामाजिक द्वन्द्वका के कस्ता विशेषताहरु हुन्छन् ?**

सामाजिक द्वन्द्वका विशेषताहरुलाई निम्नानुसार उल्लेख गरिएको छ:

- समाजबाटै सिर्जना हुने,
- निरन्तर चलिरहने प्रक्रिया (Never Ending Process),
- विश्वव्यापी सामाजिक प्रकृया,
- स्व:तस्फूर्त हुने, प्रकृया,
- समूह समूह बीचको विचार र भावनामा निर्भर,
- चेतनाको स्तरमा आधारित,
- नियन्त्रित नहुने तर घटाउन सकिने,
- परिस्थितिमा भर पर्ने आदि।

**प्रश्न नं. ३: सामाजिक द्वन्द्वका कारणहरु के के हुन् ?**

सामाजिक द्वन्द्वका तहपिच्छे कारणहरु भिन्न भिन्न हुन सक्दछन्। यद्धपि सबै तहका सामाजिक द्वन्द्वका मुख्य मुख्य कारणहरु निम्नानुसार रहेका छन्:



Question Bank Nepal

- समाजमा रहेका सबै वर्ग, समुदाय, जातजाति, भाषाभाषी, लिङ्ग, सम्प्रदायका मानिसहरुले सम्मानपूर्वक रुपमा बाँच्न नपाएको अनुभूति हुनु,
- सामाजिक क्रियाकलापहरुमा समान हैसियत र गर्वका साथ सहभागिता जनाउन नपाउनु,
- सार्वजनिक उपयोगका स्थल, वस्तुहरुको सहज र समान हैसियतमा उपयोग तथा प्रयोग गर्न नपाउनु,
- सामाजिक विभेद हुनु,
- सबै भाषा, संस्कृतिको समान विकासको अवसर नहुनु,
- राज्यका हरेक क्रियाकलाप र गतिविधिहरुमा सबै भाषाभाषी र जातजातीको पहुँच नहुनु,
- श्रोतसाधनको न्यायोचित वितरण नहुनु,
- अधिकार निक्षेपण र अधिकार प्रत्यायोजनमा विभेद हुनु,
- न्याय सम्पादन निरपक्ष र तटस्थतापूर्वक हुन नसक्नु आदि ।

**प्रश्न नं. ४: सामाजिक द्वन्द्वबाट उत्पन्न हुने असरहरु के के हुन् ? उल्लेख गर्नुहोस् ।**

**वा**

**सामाजिक द्वन्द्वको अवधारणा स्पष्ट पार्दै सामाजिक द्वन्दबाट पर्न सक्ने असरबारे चर्चा गर्नुहोस् । - लो.से.आ. २०७० (खरिदार) अंक १०**

(सामाजिक द्वन्द्वको अवधारणाबारे प्रश्न नं. १ को उत्तर हेर्नुहोला ।)

समाजमा द्वन्द्वले Positive र Negative दुबै Result उत्पन्न गर्न सक्दछ । स्वभाविक द्वन्द्वले सुधार र परिवर्तन ल्याउँछ भने द्वन्द्व ज्यादै बढी वा कम भएमा त्यसले Negative Impact पार्दछ ।

सामाजिक द्वन्द्वबाट पर्ने असरलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(१) सकारात्मक असर**

समाजिक द्वन्द्वलाई सरल र सहज तवरले सामूहिक छलफलको माध्यमबाट ध्प्ल ध्प्ल एयष्अथ अपनाई सबैको सहमति र सहभागितबाट उत्तम विकल्प छनौट गरी सही निष्कर्ष निकाल्न सकेमा निम्नानुसारका सकारात्मक असरहरु प्राप्त हुन सक्छन् :

- ठोस र सामुहिक निष्कर्ष निस्कने,
- कमी कमजोरीको आत्मलोचना गरी सुध्रने अवसर मिल्ने,
- परिवर्तनलाई संस्थागत गर्न सकिने,
- अनुसन्धानमूलक, अन्वेषणमूलक र सिर्जनशील कार्यको विकास हुने,
- नेतृत्वको प्रभावकारीतामा बृद्धि हुने,
- भावनात्मक संस्कृति र आपसी सम्बन्धको विकास हुने,
- गुनासो समाधानको संयन्त्रको रुपमा द्वन्द्व रहने आदि ।



Question Bank Nepal

**(२) नकारात्मक असर**

समाजमा द्वन्द्वको सही व्यवस्थापन गर्न नसकी द्वन्द्वले उग्र रुप लिएमा झगडा र वैमनस्यताको अवस्था उत्कर्ष चुलीमा पुग्न सक्छ । सामाजिक एकता, सदभाव, सहिष्णुता माथि कुठाराघात हुन सक्छ । द्वन्द्वबाट सिर्जना हुने यस प्रकारका नकारात्मक असरहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

- सामाजिक असहिष्णु, जातीय द्वन्द्व सिर्जना हुन सक्ने,
- समाजका सदस्यहरु बीच शत्रुताको भावना हुने,
- समाजको शान्ति, सुरक्षा र सुव्यवस्थामा खलल पुग्न सक्ने,
- सहभागितात्मक भावनामा कुठाराघात हुने,
- विकासका गतिविधिहरु अनिश्चित र अवरुद्ध हुने,
- स्वस्थ्य कार्य वातावरणको अभाव हुने,
- डरलाग्दा सामाजिक संकट सिर्जना हुने,
- समाजको प्रतिष्ठा, सम्मान, ख्यातीमा धक्का लाग्ने,
- समूह कार्य र समूह शक्तिमा बाधा पुग्ने,
- झै झगडा, काटमार द्वेष, मनोमालिन्य, अन्तरकलह बढ्ने,
- धनजनको क्षति हुने,
- Brain drain को खतरा हुने,
- रोग, व्याधी, प्रकोप, अशिक्षा, वेरोजगारी बढ्दै जाने,
- शरणार्थीको मात्रामा बृद्धि हुने आदि ।

**प्रश्न नं. ५: द्वन्द्व व्यवस्थापनका उपायहरु के के हुन् ? उल्लेख गर्नुहोस् । - लो.से.आ. २०६९ (समावेशी, खरिदार) अंक ३**

कुनैपनि समाजमा द्वन्द्वलाई सामान्य मानिन्छ । यो निरन्तर चलिरहने प्रकृया पनि हो । समाजिक द्वन्द्वलाई सरल र सहज तवरले सामूहिक छलफलको माध्यमबाट Win Win Policy अपनाई सबैको सहमति र सहभागिता नै द्वन्द्व व्यवस्थापनको मुख्य उपाय हो । यसका साथै अन्य उपायहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

- समस्याको वास्तविक कारण पहिचान गर्ने,
- समस्याको छलफल, विश्लेषण गरी विश्वासको वातावरण सिर्जना गर्ने,
- सरोकारवाला पक्षहरुबीच संवाद र अन्तरक्रियाको थालनी गर्ने,
- सूचना तथा संचारको विश्लेषण, ग्रहण र उपयोग गर्ने,
- सकारात्मक अवधारणा ल्याउने,
- उचित वातावरणको विकास गर्ने,
- सही रणनीति अर्थात सम्भाव्य विकल्पहरुको विकास गर्ने,
- विकल्पमाथि छलफल र विश्लेषण गर्ने,

Question Bank Nepal

- विकल्पहरुको सार्न्दभिकता र कार्यान्वयनशिलताको विश्लेषण गर्ने,
- द्वन्द्वको कारण र वातावरणलाई विचार गरी उत्तम विकल्पको छनौट गर्ने,
- द्वन्द्वरत पक्षवीच कायम रहेको मतभिन्नतालाई समाधानयोग्य अनुभूति तुल्याउने,
- पारदर्शी कार्यप्रणाली सुचारु गर्ने आदि ।

**प्रश्न नं. ६: द्वन्द भनेको के हो ? द्वन्दले समाजमा पार्ने असर र त्यसको समाधानका कुनै ४ वटा उपायहरु उल्लेख गर्नुहोस् । – लो.से.आ. २०६८ (समावेशी, खरिदार)**

यस प्रश्नको उत्तरका लागि प्रश्न नं. १ र ५ का उत्तरहरु हेर्नुहोला ।

**प्रश्न नं. ७: द्वन्द व्यवस्थापनमा मध्यस्थता कार्य भनेको के हो ? यस कार्यमा मध्यस्थकर्ताले ध्यान दिनुपर्ने कुराहरु के के हुन् ? - लो.से.आ. २०६८ (खुल्ला, खरिदार) अंक २+३=५**

द्वन्दलाई समाधान गर्ने वा द्वन्दरत पक्षहरुलाई आपसमा मिलाउन कुनै पनि पक्षमा नलागी बीचमा रहेर भूमिका निर्वाह गर्ने कार्यलाई द्वन्द व्यवस्थापनमा मध्यस्थता कार्य भनिन्छ ।

अर्थात द्वन्दरत दुई पक्षलाई आपसमा मिलाउन कुनै पक्षतर्फ पनि नलागी समन्यायिक भूमिका खेल्ने तेस्रो पक्षको कार्यलाई द्वन्द व्यवस्थापनमा मध्यस्थता कार्य भनिन्छ ।

द्वन्द व्यवस्थापनमा मध्यस्थकर्ताले ध्यान दिनु पर्ने कुराहरु निम्नानुसार छन्:

- दुवै पक्षको विश्वास जित्नु पर्दछ ।
- दुवै पक्षको कुराहरु ध्यानपूर्वक सुन्नु पर्दछ ।
- दुवै पक्षतर्फ नलागी बीचमा रहेर (Neutral) रहेर भूमिका निभाउनु पर्दछ ।
- जे सही हो, त्यो मात्र बोल्नु पर्दछ ।
- के विषयका कारण द्वन्द भएको सोको बारेमा राम्रो जानकारी राख्नु पर्दछ ।
- मध्यस्थको कार्य शुरु गर्नुअघि वास्तविकतामा आधारित निश्चित नियमहरु बनाउनु पर्ने कुरामा ध्यान दिनुपर्दछ ।
- कुनै पक्षका कुनै गोप्य कुरा थाहा पाए पनि गोप्य राख्नु पर्दछ ।
- कुनै पक्षको हार र कुनै पक्षको जीतको अनुभूति नगराई दुवै पक्षलाई Win Win को वातावरण बनाउनु पर्दछ ।
- आफू निर्णायकको रुपमा नभै सहजकर्ताको रुपमा रहेको व्यवहार प्रर्दशन गर्नुपर्दछ ।

Question Bank Nepal

# १.७ नेपालको वर्तमान शासनपद्धति–संविधान (संवैधानिक अंगहरु, मौलिक हक र कर्तव्य, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका)

Question Bank Nepal

### प्रश्न नं. १ : संविधान भनेको के हो ?

संविधान देशको मुल कानून हो, जसले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका एवं संवैधानिक निकायहरुको व्यवस्था तथा राज्यशक्तिको बाँडफाँड, प्रयोग र तरिकालाई निर्देशित गर्ने, राज्यका अंगहरु बीच आपसी अन्तरसम्वन्ध निर्धारण, शासन व्यवस्थाको किटान, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको उल्लेख तथा मौलिक अधिकारलाई सुनिश्चित गर्ने र हरण भएमा उपचारको मार्ग प्रशस्त गर्ने गर्दछ ।

यसलाई राज्यको मार्गदर्शक औजार पनि भनिन्छ । यसकै आधारमा राज्यको शासन प्रणाली संचालित हुन्छ र राज्य संयन्त्र निर्देशित हुन्छ ।

### प्रश्न नं. २ : संविधानका विशेषताहरु लेख्नुहोस् ।

संविधानका विशेषताहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- राज्यको मुल कानून हो, जसले अन्य कानूनको आधार तय गर्दछ ।
- राज्यको मार्गदर्शक औजार हो ।
- संविधानले शासकीय शक्तिमा सीमा लगाउँछ ।
- संविधानको संशोधन प्रकृया अन्य कानूनहरुको तुलनामा जटिल हुन्छ ।
- सरकारका अंग, संरचना, स्वरुप, अधिकार, अधिकारको सिमा आदि निर्धारण गर्ने दस्तावेज हो ।
- अधिकारको प्रयोग कसरी गर्ने भन्ने कुराको निर्दिष्ट व्यवस्था गरिएको हुन्छ ।
- देशको शासन व्यवस्था, शासनशैलीको निर्धारण गर्छ ।
- संविधान जनताका मौलिक हकको रक्षक हो ।
- सुशासनको प्रत्याभूति गराउँछ ।
- राज्य प्रणालीलाई जनताप्रति उत्तरदायी बनाउछ आदि ।

### प्रश्न नं. ३ : संविधानलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?

देशको मूल कानून संविधानलाई निम्नानुसार विभिन्न आधारबाट वर्गीकरण गर्न सकिन्छ :

१. स्वरुपको आधारमा : लिखित र अलिखित संविधान
२. ऐतिहासिकताको आधारमा : निर्मित र विकसित संविधान

३. शक्ति विभाजनको आधारमा : एकात्मक र संघात्मक संविधान
४. संशोधन प्रकृयाको आधारमा : कठोर र नरम संविधान
५. शासन व्यवस्थाको आधारमा : राजतन्त्रात्मक र गणतन्त्रात्मक

## प्रश्न नं. ४ : संविधानका मुख्य कामहरु के के हुन् ?

संविधान मूल कानून हो । यसले राज्यलाई दिशानिर्देशन गर्ने भएकाले राज्यको मार्गदर्शक औजार पनि मानिन्छ । यस सन्दर्भमा निम्न कामहरुलाई संविधानका मुख्य काम मानिन्छ :

- सरकारका प्रमुख अंगहरु (व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका) को व्यवस्था,
- राज्यका अंगहरु बीच शक्तिको बाँडफाँड तथा क्षेत्राधिकार निर्धारण,
- राज्यको शासन व्यवस्थाको किटान,
- राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको उल्लेख,
- जनताका मौलिक अधिकारहरुको व्यवस्था तथा सोको हरणमा उपचारको मार्ग प्रशस्त ।
- संवैधानिक अंगहरु र तिनका कामहरुको प्रष्ट किटान ।

## प्रश्न नं. ५ : संविधानका स्रोतहरु के के हुन् ?

संविधान कसरी बन्छ भन्ने कुरासँग संविधानको स्रोत सम्वन्धित छ । संविधानका स्रोतहरु देशगत अवस्था अनुसार फरक-फरक हुन सक्दछन् । समग्रमा संविधानका प्रमुख स्रोतको रुपमा निम्न पक्षहरुलाई लिइने गरिन्छ :

(क) राष्ट्र प्रमुख,
(ख) संविधान सभा वा संसद
(ग) आयोग, कमिटि, सर्वपक्षीय सम्मेलन
(घ) कानूनी स्रोतहरु : ऐन, नियम, नजिर, प्रथा, संवैधानिक सिद्धान्त
(ङ) ऐतिहासिक विकासक्रम - बेलायत
(च) राजनीतिक दर्शन, विचार आदि ।

## प्रश्न नं. ६ : नेपालको अन्तरिम संविधान, २०६३ को छोटो परिचय दिनुहोस् ।

- वि.सं. २०६३ साल माघ १ गते जारी गरिएको ।
- अन्तरिम व्यवस्थापिका-संसदबाट अनुमोदन भएको ।
- २५ भाग, १६७ धारा, ४ अनुसूचिहरु रहेका ।
- एक सदनात्मक संसदको व्यवस्था गरिएको ।
- संविधान बनाउन स्थापित संविधानसभाले नै व्यवस्थापिका-संसदको कार्य गर्ने व्यवस्था रहेको ।
- नयाँ संवैधानिक निकायको रुपमा राष्ट्रिय मानवाधिकार आयोगको व्यवस्था गरेको ।
- पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको अध्यक्षतामा गठित संविधान मस्यौदा समितिको सिफारिसमा बनाइएको ।

Question Bank Nepal

- राष्ट्रपतिबाट बाधा अड्काउ फुकाउमार्फत संशोधनको अभ्यास समेत गरिएको ।
- हालसम्मका संविधानहरुमध्ये सबैभन्दा बढी पटक संशोधन गरिएको संविधान ।
- व्यवस्थापिका-संसदबाट हालसम्म बाह्रौं पटक र बाधा अड्काउ फुकाउ समेत गरी १४ पटक संशोधन भैसकेको ।

## प्रश्न नं. ७ : नेपालको अन्तरिम संविधान, २०६३ का मुख्य विशेषताहरु के के हुन् ? - लो.से.आ., २०७० (ना.सु.)

नेपालको अन्तरिम संविधान, २०६३ का मुख्य विशेषताहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- नेपाली जनतामा पूर्ण र वास्तविकरुपमा सार्वभौमसत्ता र राजकीयसत्ता निहित ।
- राज्यको अग्रगामी पुन: संरचना गर्ने संकल्प ।
- राज्यका सबै अङ्गमा समानुपातिक समावेशीताको प्रत्याभूति ।
- वातावरण तथा स्वास्थ्यसम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, यातना विरुद्धको हक र श्रम सम्बन्धी हकलाई पहिलो पटक मौलिक हकको रुपमा समावेश ।
- प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा जस्ता लोकतान्त्रिक मूल्य मान्यताप्रति पूर्ण प्रतिबद्धता ।
- भयमुक्त वातावरणमा स्वतन्त्र र निष्पक्ष संविधान सभाको निर्वाचन गर्ने मुख्य उद्देश्य ।
- निर्वाचन प्रणालीको नयाँ आयाम समानुपातिक प्रणालीको शुरुवात ।
- अग्रगामी आर्थिक सामाजिक परिवर्तनको उद्घोष ।
- धर्मनिरपेक्षता ।
- राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक अङ्गको हैसियत ।
- संसदीय सुनुवाई पद्धतिको शुरुवात ।
- नेपाललाई संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको मान्यता प्रदान ।

## प्रश्न नं. ८ : नेपालको अन्तरिम संविधान, २०६३ मा व्यवस्था भएका संवैधानिक अङ्गहरु कुन कुन हुन् ? - लो.से.आ. २०७० (खरिदार) अंक ५

- सरकारका अंग बाहेक राज्य सञ्चालनका लागि संविधानमा नै उल्लेख गरिएका संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने पदाधिकारीहरु रहने अंग वा निकायलाई संवैधानिक अंग भनिन्छ ।
- नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरेका संवैधानिक अंगहरु निम्न छन् :

(१) अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

Question Bank Nepal

(२) निर्वाचन आयोग,

(३) महालेखा परीक्षकको कार्यालय,

(४) राष्ट्रिय मानव अधिकार आयोग,

(५) लोकसेवा आयोग ।

**प्रश्न नं. ९: वर्तमान नेपालको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका देखाउने तालिका बनाउनुहोस् । यी तीन बीचको अन्तरसम्बन्धको व्याख्या गर्नुहोस् । - लो.से.आ. २०६८ (खुल्ला, खरिदार) अंक १०**

शक्ति पृथकीकरणको सिद्धान्त वमोजिम राज्य शक्ति वा अधिकारलाई प्रयोगका दृष्टिकोणले सरकारका तीन अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकावीच बाँडफाँड गरिएको हुन्छ । यस्ले मुख्यत: तीन अंगवीच स्वायत्तता, अहस्तक्षेप र असंलग्नता हुनु पर्ने कुरालाई जोड दिन्छ ।

त्यस्तै त्यही राज्य शक्तिको प्रयोग गर्ने सन्दर्भमा सरकारका तीन अंगहरुलाई निरंकुश र स्वेच्छाचारी हुन नदिन र ती अंगबीच आपसमा सम्वन्ध, सहयोग, समन्वय र अन्तरनिर्भरता कायम गराई एकले अर्कोमाथि नियन्त्रण तथा सन्तुलनको अवस्था सिर्जना गर्ने सिद्धान्तलाई शक्ति नियन्त्रण तथा सन्तुलनको सिद्धान्त भनिन्छ । यो शक्ति पृथकीकरणको पुरक सिद्धान्त हो । यसले मुख्यत: आपसी असन्तरसम्वन्धलाई जोड दिएको हुन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले माथि उल्लेख गरेभैं निम्नानुसार राज्य शक्तिलाई सरकारका तीन अंगबीच आपसमा बाँडफाँड गर्नुका साथै तिनीहरु बीच नियन्त्रण र सन्तुलनको अवस्था सिर्जना गरेको छ ।

| **व्यवस्थापिका** | **कार्यपालिका** | **न्यायापालिका** |
|---|---|---|
| राज्यका लागि आवश्यक कानून निर्माण गर्ने मुख्य काम । | व्यवस्थापिकाले निर्माण गरेका कानूनको कार्यान्वयन गर्ने कार्यकारिणी अधिकारको प्रयोग गर्ने मुख्य काम । | कानूनको व्याख्या गरी न्याय सम्पादन गर्ने मुख्य काम । |
| सरकारको नीति तथा कार्यक्रम, अध्यादेश, सन्धि संभौताको स्वीकृति, अनुमोदन गर्ने । | दैनिक प्रशासन सञ्चालन गर्ने, सन्धि, सम्भौता गर्ने, सरकारको नीति तथा कार्यक्रम बनाउने । | निजरहरु प्रतिपादन गर्ने, न्यायिक पुनरावलोकन गर्ने । |

**अन्तरसम्बन्ध**




शक्ति पृथकीकरणको सिद्धान्त वमोजिम तीन अंग अलग अलग भए जस्तो देखिए तापनि राज्य सञ्चालनको सन्दर्भमा यी अंगबीच पूर्णत विभाजनको देखिने गरी धर्सो



Question Bank Nepal